# स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रबाट सञ्चालन गरिने कार्यक्रम कार्यान्वयन पुस्तिका

(आ.व. २०७६/७७)

(मा.मन्त्रीस्तरीय निर्णयबाट स्वीकृत मिति २०७६/०६/०८)

प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

प्रदेशनं.३,

हेटौंडा, मकवानपुर, नेपाल

**विषयसूची**


१. भ्याक्सिन सुरक्षाको लागि  इन्धन ........................................................................१

२. टेण्डर डकुमेन्ट तयार गर्ने, वोलपत्र को सुचना प्रकाशन गर्ने । ...................................१

४. कार्यक्रमको नाम: स्वास्थ्य संस्थामा आपुर्ति व्यवस्थापन सम्बन्धी सुपरिवेक्षण, समन्वय र प्राबिधिक सहयोग ........................................................................................................३

५. औषधि तथा उपकरण गुणस्तर परिक्षण ................................................................४

६. प्रदेश मातहत रहेका अस्पतालमा रहेका बायोमेडिकल औजार उपकरणको इन्भेन्ट्री तयारी तथा एसिसमेन्ट........................................................................................................५

७. प्रदेश मातहत रहेका अस्पतालमा रहेका पुराना तथा काम नलाग्ने बायोमेडिकल औजार उपकरणको लिलामीका लागि प्राविधिक सहयोग ..............................................................७

८. प्रदेश भित्रका स्वास्थ्य सस्थाहरुको लागि निःशुल्क सेवाका लागि औषधी खरीद...८

९. प्रदेश भित्रका स्वास्थ्य संस्थाहरुको लागि बायोमेडिकल औजार उपकरण खरीद..................९

१०. अति आवश्यक आयुर्वेद औषधि खरीद तथा वितरण ................................................१०

११. प्रदेश मातहत रहेका अस्पताल, स्वास्थ्य कार्यालयका लागि गाडी तथा मोटरसाईकल खरीद ...........................................................................................................................११

## कार्यक्रम सञ्चालन गर्दा मूलतः जिम्मेवार व्यक्तिहरु (कार्यालय प्रमुख, लेखा प्रमुख, फोकल पर्सन) ले ध्यान दिनुपर्ने महत्वपूर्ण कुराहरू

१. हरेक कार्यक्रमको तयारी तथा सञ्चालन गर्नु पूर्व यस पुस्तिका राम्ररी अध्ययन गर्नुपर्दछ ।

२. कार्यक्रम सञ्चालन गर्दा यस पुस्तिकाको अनिवार्य रूपमा पालना गर्नुपर्दछ ।

३. यस पुस्तिकामा उल्लेखित कुराहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुनेछ र कार्यान्वयनमा समन्वयकारी भूमिका फोकल पर्सनको हुनेछ ।

४. स्वास्थ्य आपूर्ति व्यबस्थापन केन्द्रबाट खरीद हुने औषधि, औजार, उपकरण, गाडी, मोटरसाइकल लगायत सम्पूर्ण विवरण आवश्यकतानुसार स्वास्थ्य कार्यालय, स्थानीय तह, प्रादेशिक अस्पतालसँग समन्वय गरी विवरण मागी आ.व.को शुरुमा(श्रावन महिनाभित्र) खरीद प्रक्रिया शुरु गर्ने ।

५. खरीद गर्ने सामाग्रीको प्रकृति हेरी प्रदेश मातहतका अस्पताललाई प्राथमिकता दिनुपर्नेछ ।

६. कार्यक्रमको हकमा, शुरू गर्नु पूर्व कार्यक्रम सञ्चालन प्रकृया, अनुमानित खर्च, सहभागी तथा स्रोत व्यक्ति, सहजकर्ता विवरण, कार्यक्रम सञ्चालन हुने स्थान र मिति उल्लेखित टिप्पणी आदेश स्वीकृत भए पश्चात कार्यक्रम सञ्चालन गर्नु गराउनु पर्दछ।

७. यस पुस्तिकामा अन्यत्र जेसुकै लेखिएको भएतापनि स्वीकृत वार्षिक कार्यक्रमहरू सञ्चालन गर्दा गराउँदा बजेटको परिधिभित्र रही सार्वजानिक खरीद ऐन २०६३, सार्वजानिक खरीद नियमावली २०६४ (संसोधन २०७६/०१/३०) अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिका २०७५, भ्रमण खर्च नियमावली २०६४, राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रको तालिम संचालन निर्देशिका , प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालय प्रदेश नं ३ को सरवारी साधन खरिद सम्बन्धी मापदण्ड २०७४ (कुनै ऐन, नियमावली, कार्यविधि, निर्देशिका संसोधन भए, प्रचलित) साथै सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारीता सम्बन्धी कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन, २०७५ समेत अनुशरण गर्नुपर्दछ।

   नोटः प्रदेश सरकार, प्रदेश नं.३ को आर्थिक ऐन, नियमावली, कार्यविधि स्वीकृत भएपश्चात सोहि वमोजिम खर्च वाडफाड गरी कार्य संचालन गर्नुपर्नेछ ।

८. कार्यक्रमको भौतिक तथा वित्तिय प्रगति मासिक, चौमासिक र वार्षिक रुपमा सामाजिक विकास मन्त्रालय पठाउनुपर्नेछ।

## १· भ्याक्सिन सुरक्षाको लागि इन्धन

| PLMBIS Code | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम (रू. हजारमा) | समय अवधि (चौमसिक) |
|---|---|---|---|---|---|
| २.२.३.७ | २२३१४ | ३ | पटक | ५०० | पहिलो, दोश्रो, तेश्रो |

| शीर्षक | विवरण |
|---|---|
| **उद्देश्य** | १. भ्याक्सिन कोल्डचेन भण्डारणमा गुणस्तरीयता कायम गर्ने,<br>२. खोप सेवामा निरन्तरता रहने,<br>३. भ्याक्सिन खेर जाने दर कम गर्ने, |
| **सञ्चालन प्रक्रिया** | १. इन्धन कोल्ड चेन उपकरणको तापक्रम तोकिए बमोजिम राख्न प्रयोग गर्नुपर्नेछ।<br>२. इन्धन प्रयोग गरी सञ्चालन गरीएको जेनेरेटरको लगबुक अध्यावधिक राख्नुपर्नेछ।<br>३. खोप ढुवानीको लागि सवारी साधनमा समेत यस कार्यक्रमबाट इन्धन प्रयोग गर्न सकिने छ। यसरी प्रयोग भएको इन्धनको समेत लगबुक अध्याबधिक हुनुपर्नेछ।<br>४. खोप तथा कोल्डचेन कार्यक्रमसँग असम्बन्धित उपकरणमा यस कार्यक्रमबाट इन्धन प्रयोग गर्न पाइने छैन। |
| **बजेट बाँडफाँड** | १. प्रचलित ऐन नियमानुसार खर्च गर्नुपर्नेछ।<br>२. इन्धनमा भएको खर्चको अभिलेख र विवरण आर्थिक प्रशासन शाखामा राख्नुपर्दछ। |
| **अपेक्षित उपलव्धी** | भ्याक्सिन कोल्डचेनमा गुणस्तरीयता कायम हुनुका साथै बालबालिकाहरुले नियमित रुपमा खोप सेवा पाउनेछन्। |
| **अनुगमन र मुल्याङ्कन** | कार्यक्रमको अनुगमन तथा मुल्याङ्कन सामाजिक विकास मन्त्रालयबाट गरीनेछ। अनुगमन गर्दा कोल्ड रुमको अवस्था, लगबुक, जेनेरेटरको लगबुक, भ्याक्सिन सप्लाई गरीएको हस्तान्तरण फारम हेर्नु पर्दछ । |
| **सूचक** | खर्च भएको इन्धन (लिटरमा) |
| **प्रतिवेदन प्रणाली** | सामाजिक विकास मन्त्रालयमा चौमासिकरुपमा प्रतिवेदन पेश गर्नुपर्नेछ । |

## *२· टेण्डर डकुमेन्ट तयार गर्ने, वोलपत्र को सुचना प्रकाशन गर्ने ।*

| PLMBIS Code | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम (रू. हजारमा) | समय अवधि (चौमसिक) |
|---|---|---|---|---|---|
| २.४.१४.२ | २२३१५ | ५ | पटक | १००० | दोश्रो |

| शीर्षक | विवरण |
|---|---|
| **उद्देश्य** | १. केन्द्रबाट हुने खरीदका लागि आवश्यक स्टयाडर्ड टेण्डर डकुमेन्ट तयार गर्ने तथा बोलपत्रको सूचना प्रकासन गर्ने । |

| | |
|---|---|
| **सञ्चालन प्रक्रिया** | १· बार्षिक खरीद योजना तयार गर्ने ।<br>२· खरीद योजना अनुसारको औषधी तथा बायोमेडिकल औजार उपकरणको स्पेसीफिकेसन सहितको PPMO ले तोके बमोजिम स्टयाडर्ड टेण्डर डकुमेन्ट तयार गर्ने ।<br>३· स्टयाडर्ड टेण्डर डकुमेन्ट तयार गर्न बाह्य विज्ञ परामर्शदाताको सहयोग लिन सकिनेछ ।<br>४· स्वीकृत स्टयाडर्ड टेण्डर डकुमेन्ट अनुसार सुचना प्रकासन गर्ने । |
| **बजेट बाँडफाँड** | प्रचलित नियमानुसार खर्च रकम वाँडफाँड गरी कार्यालय प्रमुखबाट टिप्पणी स्वीकृत गराई मात्र कार्यक्रम गर्नुपर्नेछ । |
| **अपेक्षित उपलव्धी** | प्रचलित ऐन, नियमावलीले तोके बमोजिम स्टयाडर्ड टेण्डर डकुमेन्ट तयार भई खरीद कार्यमा सहजता आउने । |
| **अनुगमन र मुल्याङ्कन** | सामाजिक विकास मन्त्रालयबाट गरीनेछ। |
| **सूचक** | स्टयाडर्ड टेण्डर डकुमेन्ट |
| **प्रतिवेदन प्रणाली** | सामाजिक विकास मन्त्रालयमा चौमासिकरुपमा प्रतिवेदन पेश गर्नुपर्नेछ । |

***३· स्थानीय तहमा औषधी तथा औषधीजन्य सामाग्रीको फरकास्टीङ्ग सम्बन्धी तालिम(२० जना प्रति समूह)***

| PLMBIS Code | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम (रू. हजारमा) | समय अवधि (चौमसिक) |
|---|---|---|---|---|---|
| २.६.२.१ | २२५११ | ५ | समुह | १५०० | दोश्रो |
| **शीर्षक** | **विवरण** | | | | |
| **उद्देश्य** | स्थानीय तहमा औषधी तथा औषधीजन्य सामाग्रीको फरकास्टीङ्ग तथा भण्डार व्यवस्थापन सम्बन्धी शिप र दक्षतामा अभिवृद्धी हुने । | | | | |
| **सञ्चालन प्रक्रिया** | १. स्वास्थ्य कार्यालय र स्थानीय तहसँग समन्वय गरी स्वास्थ्य संयोजक तथा सहसंयोजक पहिचान गरी सूची तयार गर्ने ।<br>२. पहिला तालिम लिईसकेका कर्मचारीलाई तालिममा सहभागी गराउन पाईने छैन ।<br>३. एक ब्याचमा २० जना सहभागी र तालिम अवधि ३ दिनको हुनेछ ।<br>४. फरकास्टीङ्ग तथा भण्डार व्यवस्थापनमा अनुभवी तथा विज्ञको सुची तयार गरी तालिम सञ्चालनका लागि समन्वय गर्ने । | | | | |
| **बजेट बाँडफाँड** | प्रचलित नियमानुसार खर्च रकम वाँडफाँड गरी कार्यालय प्रमुखबाट टिप्पणी स्वीकृत गराई मात्र तालिम संचालन गर्नुपर्नेछ । | | | | |
| **अपेक्षित उपलव्धी** | स्थानीय तहमा औषधी तथा औषधीजन्य सामाग्रीको सहि योजना बन्ने तथा भण्डार व्यवस्थापन चुस्त दुरुस्त हुने । | | | | |

| | |
|---|---|
| **अनुगमन र मुल्याङ्कन** | १. सामाजिक विकास मन्त्रालयले तालिमको र तालिम पश्चात स्वास्थ्य सेवाको गुणस्तरियताको फिल्ड अनुगमन तथा तालिम सम्पन्न प्रतिवेदनको आधारमा गर्नुपर्नेछ ।<br>२. तालिम पश्चात तालिमको प्रभावकारिताका लागि केन्द्रले सेवा प्रदायकको कार्यस्थलमा स्थलगत अनुगमन, मुल्यांकन तथा आवश्यकतानुसार मेन्टोरिङ्ग समेत गर्नुपर्नेछ । |
| **प्रतिवेदन प्रणाली** | प्रत्येक क्रियाकलापहरु सम्पन्न भए पश्चात कार्य सम्पन्न प्रतिवेदन चौमासिकरुपमा सामाजिक विकास मन्त्रालयमा पठाउनुपर्नेछ । |

### *४· कार्यक्रमको नामः स्वास्थ्य संस्थामा आपुर्ति व्यवस्थापन सम्बन्धी सुपरिवेक्षण, समन्वय र प्राबिधिक सहयोग*

| PLMBIS Code | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम (रू. हजारमा) | समय अवधि (चौमसिक) |
|---|---|---|---|---|---|
| २.८.१.१३ | २२६११ | १० | पटक | ४०० | पहिलो, दोश्रो, तेश्रो |
| **शीर्षक** | **विवरण** | | | | |
| **उद्देश्य** | निशुल्क औषधि, खोप सेवा लगायत आपूर्ति ब्यबस्थापनका सम्पूर्ण पक्षहरु (खरीद, भण्डार ब्यवस्थापन, ढुवानी, अभिलेख तथा प्रतिवेदन आदि) सुचारु रूपले सञ्चालन भैरहेको बारे यकिन गर्ने | | | | |
| **सञ्चालन प्रक्रिया** | १. अनुगमन तथा प्राविधिक सहयोगको कार्ययोजना तयार गरी कार्यालय प्रमुखबाट स्वीकृत गर्ने ।<br>२. यो कार्यक्रम अन्तरगत आपूर्ति ब्यबस्थापनका विभिन्न पक्षहरुको सुपरीवेक्षण, अनुगमन, समन्वय र प्राविधिक सहयोग भ्रमण कार्यहरु सम्पन्न गर्नुपर्नेछ।<br>३. तपसीलका बुँदाहरुलाई अनुशरण गर्दै अनुगमन, मुल्यांकन तथा आवश्यकतानुसार मेन्टोरिङ्ग गर्नुपर्नेछः<br>• जिन्सी किताबमा आम्दानी बाँधिएका र नबाँधिएका जिन्सी मालसामानहरुको अवस्थाको निरीक्षण,<br>• निशुल्क कार्यक्रम अन्तरगतका अत्यावश्यक औषधि तथा साधनहरु न्युन मौज्दात भएका स्वास्थ्य सस्थाहरु,<br>• त्रैमासिक LMIS प्रतिवेदन समयमा पठाएका तथा नपठाएका र प्रतिवेदन ठिक सँग भरेका वा नभरेका स्वास्थ्य सस्था,<br>• म्याद नाघेका तथा प्रयोगमा आउन नसक्ने औषधिको ब्यवस्थापन,<br>• FEFO सिद्धान्तको अबलम्बन गरे नगरेको,<br>• कोल्डचेनको तापक्रमको रेकर्ड, | | | | |

| | |
|---|---|
| | • आपूर्ति व्यवस्थापनका समस्याहरु<br>४. स्थलगत बस्तुस्थिति अनुगमन पश्चात संस्थाका सम्बन्धित प्रमुख तथा कर्मचारीहरुसँग बैठक बसी अनुगमनको findings को बारेमा छलफल गरी आवश्यक पृष्ठपोषण दिई माईनुट गर्ने ।<br>५. यदि आवश्यकता भएमा मेन्टोरिङ्ग समेत गर्नुपर्नेछ ।<br>६. अनुगमन तथा प्राविधिक सहयोगको क्रममा दिईएका पृष्ठपोषणको फलोअप गर्ने तथा प्रतिवेदन गर्ने । |
| **बजेट बाँडफाँड** | भ्रमण खर्च नियमावली अनुसार कार्यालय प्रमुखलाई चौमासिक रुपमा टिप्पणी स्वीकृत गराई बुदा नं. २,३ र प्रतिवेदन प्रणाली वमोजिमको प्रतिवेदनको आधारमा मात्र भुक्तानी गर्नुपर्नेछ । |
| **अनुगमन र मुल्याङ्कन** | १. सामाजिक विकास मन्त्रालयले प्राप्त फिल्ड प्रतिवेदनको आधारमा अनुगमन तथा मुल्यांकन गर्नेछ ।<br>२. प्रतिवेदनको अध्ययन पश्चात सम्बन्धित संस्थाको समस्या समाधानको लागि पहल गर्नुका साथै पृष्ठ पोषण (वहुपक्षीय) समेत दिनुपर्नेछ। |
| **सूचक** | अनुगमनको पटक, प्रतिवेदन |
| **प्रतिवेदन प्रणाली** | १. आपूर्ति व्यबस्थापन सम्बन्धि सुपरिवेक्षण, समन्वय र प्राविधिक सहयोग पश्चात निरिक्षणकर्तले परेका समस्या तथा समाधानका उपायहरु सहितको प्रतिवेदन कार्यालय प्रमुख समक्ष अनिवार्य पेश गर्नुपर्नेछ।<br>२. एकमुष्ठ प्रतिवेदन चौमासिक रुपमा सामाजिक विकास मन्त्रालयमा पेश गर्नुपर्नेछ । |

## *५. औषधि तथा उपकरण गुणस्तर परिक्षण*

| **PLMBIS Code** | **खर्च शीर्षक** | **लक्ष्य** | **इकाई** | **विनियोजित रकम (रू. हजारमा)** | **समय अवधि (चौमसिक)** |
|---|---|---|---|---|---|
| ११.५.३३.२ | ३११७२ | २ | पटक | १००० | दोश्रो, तेश्रो |

| **शीर्षक** | **विवरण** |
|---|---|
| **पृष्ठभूमि** | नेपालको सम्बिधान २०७२ ले प्रत्येक नागरीकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निशुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट बञ्चित गरीनेछैन भनि निशुल्क स्वास्थ्य सेवालाई सुनिश्चित गरेको छ। यसका लागि खरीद गरीने औषधि तथा औषधिजन्य सामाग्रीहरु गुणस्तरीय हुनुपर्नेछ। गुणस्तरीय सामाग्रीले नै सेवाको गुणस्तरीयता बृद्धि भई सेवाप्रति सेवाग्राहीहरुमा विश्वसनीयता समेत बढ्न जान्छ। स्वास्थ्य सेवामा प्रयोग हुने |

| | |
|---|---|
| | औषधि तथा सामाग्रीहरुको गुणस्तरलाई ध्यान दिनुपर्ने हुँदा गुणस्तर सुनिश्चितताका लागि आधिकारिक तथा वैज्ञानिक प्रयोगशालाको उपयोग गर्नुपर्ने हुन्छ। |
| **उद्देश्य** | १. औषधि तथा स्वास्थ्य सामाग्रीहरुको गुणस्तरीयता यकिन गर्ने ।<br>२. सेवाग्राहीहरुमा स्वास्थ्य सेवा तथा सस्था प्रति विश्वसनीयता र गुणस्तरीय स्वास्थ्य सेवाको सुनिश्चीतताको लागि सहयोग गर्ने । |
| **सञ्चालन प्रक्रिया** | १. खरीद गरीने औषधि तथा स्वास्थ्य सामाग्रीहरुको गुणस्तर सुनिश्चितताको लागि सार्वजनिक खरीद ऐन तथा नियमावलीलाई पूर्ण पालना गर्दै औषधि व्यवस्थापन प्रयोगशाला(DDA) तथा सम्बन्धित मान्यता प्राप्त संस्था पहिचान गरी परीक्षण गर्न पठाउने ।<br>२. अन्य कुनै पनि श्रोतबाट प्राप्त औषधि तथा स्वास्थ्य सामाग्रीहरुको गुणस्तर सुनिश्चित भएपछि मात्र सामाग्री स्वीकार गर्ने ।<br>३. खरीद गरीएका तथा अन्य श्रोतबाट प्राप्त भएका औषधि तथा स्वास्थ्य सामाग्रीहरुको सम्बन्धमा कुनै शिकायत प्राप्त भएमा राष्ट्रिय औषधि प्रयोगशालामा परीक्षणको ब्यबस्था मिलाउने |
| **बजेट बाँडफाँड** | प्रचलित नियमानुसार खर्च रकम बाँडफाँड गरी कार्यालय प्रमुखबाट टिप्पणी स्वीकृत गराई मात्र कार्यक्रम गर्नुपर्नेछ । |
| **अनुगमन र मुल्याङ्कन** | १. सामाजिक विकास मन्त्रालयले परिक्षण प्रतिवेदन र स्थलगत अनुगमनको आधारमा अनुगमन तथा मुल्यांकन गर्नेछ । |
| **सूचक** | गुणस्तर मापन गरीएको पटक र औषधि, उपकरणको संख्या र स्पेसीफिकेसन |
| **प्रतिवेदन प्रणाली** | प्रत्येक पटक गुणस्तर मापन सम्पन्न भए पश्चात कार्य सम्पन्न प्रतिवेदन १५ दिनभित्र सामाजिक विकास मन्त्रालयमा पठाउनुपर्नेछ । |

### *६· प्रदेश मातहत रहेका अस्पतालमा रहेका बायोमेडिकल औजार उपकरणको इन्भेन्ट्री तयारी तथा एसिसमेन्ट*

| **PLMBIS Code** | **खर्च शीर्षक** | **लक्ष्य** | **इकाई** | **विनियोजित रकम (रू. हजारमा)** | **समय अवधि (चौमसिक)** |
|---|---|---|---|---|---|
| २.५.२.३ | २२४११ | १ | पटक | ५०० | पहिलो |
| **शीर्षक** | **विवरण** | | | | |
| **पृष्ठभूमि** | अस्पतालमा सेवा प्रवाहको लागि आवश्यक औजार उपकरण चालु हालतमा रहनु जरुरी छ। अस्पतालको सेवालाई चुस्त दुरुस्त राख्न ती औजार उपकरणहरुको समय समयमा नियमित मर्मत सम्भार जरुरी हुन्छ।साथै आवश्यक औजार उपकरणहरुको खरीद तथा सहि सदुपयोगका लागि | | | | |

| | |
|---|---|
| | प्रदेश मातहत रहेका अस्पतालमा रहेका बायोमेडिकल उपकरणको इन्भेन्ट्री तयारी तथा एसिस्मेन्ट गर्न लागिएको छ। |
| **उद्देश्य** | अस्पतालमा रहेका बायोमेडिकल औजार उपकरणको संख्या र अबस्था अध्यावधिक राख्ने |
| **सञ्चालन प्रक्रिया** | १. प्रदेश मातहत रहेका अस्पतालमा रहेका बायोमेडिकल उपकरणको अवस्थाको एसिसमेन्ट तथा इन्भेन्ट्री तयारीका लागि बाह्य परामशर्दाता मार्फत कार्य गराउनुपर्नेछ ।<br>२. परामशर्दाताको कार्यशर्त(Term of Reference-TOR) तयार गर्ने । TOR तयार गर्दा कम्तिमा देहाय बमोजिमका कार्यहरु उल्लेख गर्ने ।<br>✓ अस्पतालमा रहेका बायोमेडिकल उपकरणको भौतिक गणना गरी खर्च भएर नजाने जिन्सीसँग भिडाउने र दाखिला नदेखिएमा तत्कालै दाखिला गराउने ।<br>✓ प्रत्येक बायोमेडिकल उपकरणलाई युनिक नम्बर दिएर इलेक्ट्रोनिक इन्भेन्ट्री सिष्टममा दर्ता गर्ने।<br>✓ कुनै पनि बायोमेडिकल औजार, उपकरणको मर्मत गर्न सकिने नसकिने र मर्मतको लागि आवश्यक खर्चको इस्टीमेट गर्ने ।<br>✓ बायोमेडिकल सामान बिग्रीएर काम नलाग्ने भई वा System Outdated भई सेवाबाट बाहिर सिष्टमबाट हटाउनुपर्ने सामाग्रीको विस्तृत विवरण तयार गर्ने ।<br>✓ बायोमेडिकल औजार, उपकरणको प्रयोग गर्दा अपनाउनुपर्ने Preventive Maintenance का उपाय अवलम्बन गरे नगरेको, दक्ष प्राविधिकको उपलव्धता लगायतका विविध पक्षमा विस्तृत विवरण तयार गर्ने ।<br>३. सार्वजनिक खरीद ऐन तथा नियमावली बमोजिम परामर्शदातको छनौट गरी कार्यसंपादन गराउने । |
| **बजेट बाँडफाँड** | प्रचलित नियमानुसार खर्च रकम वाडफाड गरी कार्यालय प्रमुखबाट टिप्पणी स्वीकृत गराई विज्ञ बाह्य परामर्शदाताबाट बायोमेडिकल औजार उपकरणको इन्भेन्ट्री तयारी तथा एसिसमेन्ट गर्नुपर्नेछ । |
| **अनुगमन र मुल्याङ्कन** | सामाजिक विकास मन्त्रालयले तथा सम्बन्धित कार्यालयले कार्य सम्पन्न प्रतिवेदन र स्थलगत अनुगमनको आधारमा अनुगमन तथा मुल्यांकन गर्नेछ । |
| **सूचक** | TOR अनुसार इन्भेन्ट्री तयारी तथा एसिसमेन्ट गरीएको औजार उपकरणको संख्या र अबस्थाको प्रतिवेदन |
| **प्रतिवेदन प्रणाली** | इन्भेन्ट्री तयारी तथा एसिसमेन्ट सम्पन्न भए पश्चात कार्य सम्पन्न प्रतिवेदन १५ दिनभित्र सामाजिक विकास मन्त्रालयमा पठाउनुपर्नेछ । |

*७. प्रदेश मातहत रहेका अस्पतालमा रहेका पुराना तथा काम नलाग्ने बायोमेडिकल औजार उपकरणको लिलामीका लागि प्राविधिक सहयोग*

| PLMBIS Code | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम (रू. हजारमा) | समय अवधि (चौमसिक) |
|---|---|---|---|---|---|
| २.५.२.४ | २२४११ | १ | पटक | ३०० | दोश्रो |

| शीर्षक | विवरण |
|---|---|
| **पृष्ठभूमि** | स्वास्थ्य संस्थाहरुबाट सेवा प्रदान गने सिलसिलामामा बिभिन्न सामग्री, औजार तथा उपकरणहरुको प्रयोग गनुपर्ने हुन्छ । टुटफुट भइ वा प्रयोग गर्न नसकिने अवस्थामा रहेका औजार उपकरणहरु समयमा नै लिलाम नगरिँदा स्थान ओगटिराख्ने र अस्पतालहरुको भण्डार क्षमतामा कमी आउने साथै सेवा प्रवाहमा कठिनाई हुन्छ। तसर्थ अस्पतालहरुलाई समयमानै यस्ता सरसामानहरु लिलाम बिक्री गर्ने गराउने कार्यमा सहजिकरण गर्नु पर्ने हुन्छ। |
| **उद्देश्य** | अस्सालहरुमा प्राविधिकबाट प्रयोग हुन नसक्ने भनि किटान गरीएका अस्पतालजन्य औजार तथा उपकरणहरुको लिलाम कार्यमा सहजीकरण तथा प्राविधिक सहयोग गर्ने । |
| **सञ्चालन प्रक्रिया** | १. बायोमेडिकल औजार उपकरणको एसिस्मेन्टबाट प्राप्त प्रतिवेदनको आधारमा प्रयोगमा नआउने बिभिन्न सामग्री, औजार तथा उपकरणहरुको लिलामी गर्ने प्रत्येक अस्पतालसँग समन्वय गरी कार्यक्रमको योजना बनाउनुपर्नेछ ।<br>२. यो कार्य सहजीकरण तथा प्राविधिक सहयोगको लागि मान्यता प्राप्त विज्ञ परामर्शदाता संस्थाबाट गराउनुपर्नेछ ।<br>३. परामशर्दाताको कार्यशर्त(Term of Reference-TOR) तयार गर्ने ।<br>४. सार्वजनिक खरीद ऐन तथा नियमावली बमोजिम परामर्शदातको छनौट<br>५. स्वास्थ्य सेवा विभागबाट प्रकासित लिलाम विक्री तथा मिन्हा सम्बन्धि कार्यबिधि निर्देशिका, २०६७ वमोजिम गर्नुपर्नेछ । |
| **बजेट बाँडफाँड** | १. प्रचलित नियमानुसार खर्च रकम वाडफाड गरी कार्यालय प्रमुखबाट टिप्पणी स्वीकृत गराई गर्नुपर्नेछ । |
| **अपेक्षित उपलव्धी** | १. प्रयोगमा नआउने मालसामानहरुले ओगटी राखेको स्थान खाली गरी भण्डार क्षमतामा अभिबृद्धी हुने ।<br>२. भण्डार ब्यबस्थित गर्न र सरसफाईमा सघाउ पुर्याउने ।<br>३. अनावश्यक रूपमा रहेका मालसामानहरुको लिलाम विक्रीबाट राजश्व बृद्धिमा सघाउ पुर्याउने ।<br>४. जिन्सी खाता तथा भण्डारको मौज्दात अद्यावधिक हुने । |
| **अनुगमन र मुल्याङ्कन** | सामाजिक विकास मन्त्रालयले कार्य सम्पन्न प्रतिवेदन र स्थलगत अनुगमनको आधारमा अनुगमन तथा मुल्यांकन गर्नेछ । |

| | |
|---|---|
| **सूचक** | लिलामी गरीएका बायोमेडिकल औजार उपकरणको संख्या, पटक र लिलामी गरीसके पश्चात कार्यसम्पन्न प्रतिवेदन |
| **प्रतिवेदन प्रणाली** | सम्पन्न भए पश्चात कार्य सम्पन्न प्रतिवेदन सामाजिक विकास मन्त्रालयमा पठाउनुपर्नेछ । |

### *८. प्रदेश भित्रका स्वास्थ्य सस्थाहरुको लागि निःशुल्क सेवाका लागि औषधी खरीद*

| **PLMBIS Code** | **खर्च शीर्षक** | **लक्ष्य** | **इकाई** | **विनियोजित रकम (रू. हजारमा)** | **समय अवधि (चौमसिक)** |
|---|---|---|---|---|---|
| ७.२.९.२ | २७२१३ | १ | पटक | ५०००० | दोश्रो |
| **शीर्षक** | **विवरण** | | | | |
| **उद्देश्य** | स्वास्थ्य संस्थाबाट निशुल्क वितरणको लागि औषधि खरीद गर्ने र स्वास्थ्य संस्थाहरुमा आवश्यकता अनुसार वितरण गर्ने । | | | | |
| **सञ्चालन प्रक्रिया** | १. संघीय सरकार,स्थानीय तह, प्रदेश मातहतका स्वास्थ्य कार्यालयहरु, अस्पतालहरुसँग समन्वय गरी गत वर्षको खपत भएको औषधिको तथ्याङ्क, स्टोरको मौज्दात विवरण संकलन गरी खरीद योजना बनाउनुपर्नेपर्नेछ ।<br>२. निःशुल्क स्वास्थ्य सेवाका लागि खरीद गर्ने औषधी तथा औषधिजन्य मालसामानको स्पेसीफिकेसन र ल.ई. तयार गर्ने ।<br>३. खरीद गरीने औषधीको रिप्याकीङ्ग तथा जिल्ला तथा अस्पतालसम्म ढुवानी गर्न आवश्यक बजेट समेत यसै कार्यक्रम मार्फत विनियोजन गर्नुपर्नेछ ।<br>४. स्पेसीफिकेसनको लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य सेवा विभाग, ब्यबस्थापन महाशाखाको Technical Specification Bank को सहायता लिन सकिनेछ ।<br>५. सार्वजनिक खरीद ऐन २०६३ र सार्वजनिक खरीद नियमावली २०६३(संसोधन २०७६ वा प्रचलित) अनुसार खरीद गरी व्यबस्थापन गर्ने ।<br>६. खरीद गरीएका औषधीको नियमानुसार मान्यताप्राप्त प्रयोगशाला/निकायबाट गुणस्तर जाँच गरी स्वीकार गर्नुपर्नेछ ।<br>७. खरीद प्रक्रिया सम्पन्न पश्चात जिन्सी दाखिला गरी बुँदा नं. १ मा संकलन गरीएको तथ्यांकको आधारमा हस्तान्तरण फारम भरि बुझाउनु पर्नेछ । | | | | |
| **बजेट बाँडफाँड** | प्रचलित नियमानुसार खर्च रकम बाँडफाँड गरी कार्यालय प्रमुखबाट टिप्पणी स्वीकृत गराई गर्नुपर्नेछ । | | | | |
| **अनुगमन र** | १. सामाजिक विकास मन्त्रालयले कार्य सम्पन्न प्रतिवेदन र स्थलगत अनुगमनको आधारमा | | | | |

| | |
|---|---|
| **मुल्याङ्कन** | अनुगमन तथा मुल्यांकन गर्नेछ ।<br>२. स्वास्थ्य आपूर्ति केन्द्रले स्थलगत अनुगमन तथा निरीक्षण गरी ह.फा. गरीएका औषधि तथा औषधिजन्य सामाग्रीको उचित र प्रभावकारी प्रयोग भए नभएको हेर्नुपर्नेछ ।<br>३. स्थलगत अनुगमन तथा निरीक्षण पश्चात आवश्यकताको आधारमा एउटा संस्था वा अस्पतालको औषधि तथा औषधिजन्य सामाग्री अर्को सस्था वा अस्पतालमा व्यबस्थापन गर्न सक्नेछ । |
| **सूचक** | खरीद गरीएका औषधि तथा औषधिजन्य सामाग्रीको संख्या ,स्पेसीफिकेसन, दाखिला, हस्तान्तरण फारमको प्रतिवेदन, स्थलगत अनुगमनको प्रतिवेदन |
| **प्रतिवेदन प्रणाली** | खरीद प्रक्रिया सम्पन्न भए पश्चात प्रतिवेदन सामाजिक विकास मन्त्रालयमा पठाउनुपर्नेछ । |

### *९. प्रदेश भित्रका स्वास्थ्य संस्थाहरुको लागि बायोमेडिकल औजार उपकरण खरीद*

| **PLMBIS Code** | **खर्च शीर्षक** | **लक्ष्य** | **इकाई** | **विनियोजित रकम (रू. हजारमा)** | **समय अवधि (चौमसिक)** |
|---|---|---|---|---|---|
| ११.३.९.३ | ३११२२ | १ | पटक | २००० | दोश्रो |

| **शीर्षक** | **विवरण** |
|---|---|
| **उद्देश्य** | १. अस्पताल तथा स्वास्थ्य संस्थाहरुको सेवाको गुणस्तर बृद्धी हुने।<br>२. स्थानिय स्तरमै विभिन्न किसिमका स्वास्थ्य सम्बन्धी सेवाहरु उपलब्ध हुने।<br>३. रोगको निदान भई उपचार प्रक्रिया सहज हुने। |
| **सञ्चालन प्रक्रिया** | १. संघ, स्थानीय तह, प्रदेश मातहतका स्वास्थ्य कार्यालयहरु, अस्पतालहरुसँग समन्वय गरी औजार उपकरणहरुको विवरण संकलन गरी योजना गर्नुपर्नेछ ।<br>२. तयार गरीएको विवरणका आधारमा खरीद गर्ने बायोमेडिकल औजार उपकरणको स्पेसीफिकेसन र ल.ई. तयार गर्ने ।<br>३. स्पेसीफिकेसनको लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य सेवा विभाग, ब्यबस्थापन महाशाखाको Technical Specification Bank को सहायता लिन सकिनेछ ।<br>४. सार्वजनिक खरीद ऐन २०६३ र सार्वजनिक खरीद नियमावली २०६३(संसोधन सहित) अनुसार खरीद गरी व्यबस्थापन गर्ने ।<br>५. खरीद गरीएका औजार उपकरणको विज्ञबाट निरिक्षण गराई गुणस्तर जाँच गरी स्वीकार गर्ने ।<br>६. खरीद प्रक्रिया सम्पन्न पश्चात जिन्सी दाखिला गरी बुँदा नं. १ मा संकलन गरीएको तथ्यांकको आधारमा स्थलगत अनुगमन पश्चात प्राथमिकिकरण गरी अस्पताल तथा स्वास्थ्य |

| | |
|---|---|
| | संस्थाहरुलाई औजार उपकरणहरु हस्तान्तरण फारम भरि वितरण गर्ने। |
| **बजेट बाँडफाँड** | प्रचलित नियमानुसार खर्च रकम वाडफाड गरी कार्यालय प्रमुखबाट टिप्पणी स्वीकृत गराई मात्र खरीद गर्नुपर्नेछ । |
| **अपेक्षित उपलव्धी** | स्वास्थ्य सस्थाहरुमा उपचारात्मक तथा निदानात्मक सेवाका लागि तोके बमोजिमका औजार उपकरण उपलब्ध भई स्वास्थ्य सेवा प्रवाह प्रभावकारी हुने । |
| **अनुगमन र मुल्याङ्कन** | १. सामाजिक विकास मन्त्रालयले कार्य सम्पन्न प्रतिवेदन र स्थलगत अनुगमनको आधारमा अनुगमन तथा मुल्यांकन गर्नेछ ।<br>२. स्वास्थ्य आपूर्ति केन्द्रले स्थलगत अनुगमन तथा निरीक्षण गरी ह.फा. गरीएका औजार उपकरणको उचित र प्रभावकारी प्रयोग भए नभएको हेर्नुपर्नेछ । |
| **सूचक** | १. खरीद प्रतिबेदन<br>२. दाखिला प्रतिवेदन तथा हस्तान्तरण फारम<br>३. स्थलगत अनुगमन प्रतिवेदन |
| **प्रतिवेदन प्रणाली** | कार्यक्रम समाप्ति पश्चात प्रगति प्रतिवेदन तोकिएको ढाँचामा पेश गर्नुपर्न छ।साथै सम्पूर्ण कार्यक्रम सम्पन्न भए पश्चात प्रतिवेदन सामाजिक विकास मन्त्रालयमा अनिवार्य पठाउनुपर्नेछ। |

### *१०. अति आवश्यक आयुर्वेद औषधि खरीद तथा वितरण*

| **PLMBIS Code** | **खर्च शीर्षक** | **लक्ष्य** | **इकाई** | **विनियोजित रकम (रू. हजारमा)** | **समय अवधि (चौमसिक)** |
|---|---|---|---|---|---|
| ७.२.९.३ | २७२१३ | १ | पटक | ५००० | दोश्रो |

| **शीर्षक** | **विवरण** |
|---|---|
| **उद्देश्य** | गुणस्तरीय आयूर्वेद औषधी र स्वास्थ्य सामाग्रीको सहज तथा प्रभावकारी आपुर्ति सुनिश्चित गर्न । |
| **सञ्चालन प्रक्रिया** | १.संघ, स्थानीय तह, प्रदेश मातहतका आयूर्वेद स्वास्थ्य केन्द्र,औषधालयहरुसँग समन्वय गरी गत वर्षको खपत भएको औषधि तथा मौज्दातको विवरण संकलन गर्ने ।<br>२.आयूर्वेद स्वास्थ्य केन्द्र, औषधालयहरुमा सरकारले उपलव्ध गराउने औषधि खरीद हुने गरी योजना गर्नुपर्नेछ ।<br>३.निःशुल्क आयुर्वेद स्वास्थ्य सेवाका लागि खरीद गर्ने औषधी तथा औषधिजन्य मालसामानको स्पेसीफिकेसन र ल.ई. तयार गर्ने ।<br>४.स्पेसीफिकेसनको लागि स्वास्थ्य तथा जनसंख्या स्वास्थ्य सेवा विभाग, ब्यबस्थापन महाशाखाको Technical Specification Bank को सहायता लिन सकिनेछ ।<br>५.सार्वजनिक खरीद ऐन २०६३ र सार्वजनिक खरीद नियमावली २०६३(संसोधन सहित) |

| | |
|---|---|
| | अनुसार खरीद गरी व्यबस्थापन गर्ने ।<br>६. खरीद प्रक्रिया सम्पन्न पश्चात जिन्सी दाखिला गरी बुँदा नं. १ मा संकलन गरीएको तथ्यांकको आधारमा हस्तान्तरण फारम भरि वितरण गर्ने । |
| **बजेट बाँडफाँड** | १. प्रचलित नियमानुसार खर्च रकम वाडफाड गरी कार्यालय प्रमुखबाट टिप्पणी स्वीकृत गराई मात्र खरीद गर्नुपर्नेछ । |
| **अनुगमन र मुल्याङ्कन** | १. सामाजिक विकास मन्त्रालयले कार्य सम्पन्न प्रतिवेदन र स्थलगत अनुगमनको आधारमा अनुगमन तथा मुल्यांकन गर्नुपर्नेछ ।<br>२. स्वास्थ्य आपूर्ति केन्द्रले स्थलगत अनुगमन तथा निरीक्षण गरी ह.फा. गरीएका औषधिको उचित र प्रभावकारी प्रयोग भए नभएको हेर्नुपर्नेछ ।<br>३. स्थलगत अनुगमन तथा निरीक्षण पश्चात आवश्यकताको आधारमा एउटा सस्था वा अस्पतालको औषधि अर्को सस्था वा अस्पतालमा समेत व्यबस्थापन गर्न सकिनेछ । |
| **प्रतिवेदन प्रणाली** | खरीद प्रक्रिया सम्पन्न भए पश्चात सामाजिक विकास मन्त्रालयमा प्रतिवेदन पठाउनुपर्नेछ । |

### *११. प्रदेश मातहत रहेका अस्पताल, स्वास्थ्य कार्यालयका लागि गाडी तथा मोटरसाईकल खरीद*

| PLMBIS Code | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम (रू. हजारमा) | समय अवधि (चौमसिक) |
|---|---|---|---|---|---|
| ११.३.२.३ | ३११२१ | १ | पटक | ३०००० | पहिलो |

| शीर्षक | विवरण |
|---|---|
| **उद्देश्य** | गाडी खरीद गरी अस्पताल तथा स्वास्थ्य कार्यालयको कामलाई सहज र समयमा गर्नको लागि सहयोग गर्ने । |
| **सञ्चालन प्रक्रिया** | १. प्रदेश मातहतका स्वास्थ्य कार्यालयहरु, अस्पतालहरुसँग समन्वय गरी गाडीको आवश्यकता प्रकार, पहिचान गरी प्राथमीकिकरण गरी योजना गर्ने ।<br>२. गाडीको स्पेसीफिकेसन र ल.ई. तयार गर्ने ।<br>३. सार्वजनिक खरीद ऐन २०६३ र सार्वजनिक खरीद नियमावली २०६३(संसोधन सहित) अनुसार खरीद गरी व्यबस्थापन गर्ने ।<br>४. गाडी खरीद पश्चात नियमानुसार सर्भिसीङ्ग गरी संचालित (चालु) अवस्थामा राख्ने ।<br>५. सम्बन्धित कार्यालयलाई हस्तान्तरण गर्ने ।<br>६. समयमा नवीकरण गर्ने । |
| **बजेट बाँडफाँड** | १. प्रचलित नियमानुसार खर्च रकम वाँडफाँड गरी कार्यालय प्रमुखबाट टिप्पणी स्वीकृत गराई मात्र खरीद गर्नुपर्नेछ ।<br>२. प्रदेश सरकार, आर्थीक मामिला तथा योजना मन्त्रालय प्रदेश नं. ३ को **"सवारी साधन खरीद सम्बन्धी मापदण्ड २०७४"** वमोजिम गर्नुपर्नेछ । |

| | |
|---|---|
| **अनुगमन र मुल्याङ्कन** | १. सामाजिक विकास मन्त्रालयले प्राप्त प्रतिवेदन र स्थलगत अनुगमनको आधारमा अनुगमन तथा मुल्यांकन गर्नेछ । |
| **सूचक** | १. खरीद प्रतिबेदन<br>२. दाखिला प्रतिवेदन तथा हस्तान्तरण फारम<br>३. हस्तान्तरण पश्चात स्थलगत अनुगमन प्रतिवेदन |
| **प्रतिवेदन प्रणाली** | कार्य सम्पन्न भए पश्चात कार्य सम्पन्न प्रतिवेदन सामाजिक विकास मन्त्रालयमा पठाउनुपर्नेछ । |